प.सं. च.नं./Ref:

## प्रेस विज्ञप्ति

मिति २०७३।१२।०४

### प्रधानमन्त्रीलाई निर्वाचनको तयारीबारे जानकारी

काठमाडौं, चैत ४ । सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सँग माननीय प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले आज बिहान प्रधानमन्त्री निवास बालुवाटारमा भेटवार्ता गर्नुभएको छ ।

भेटका अवसरमा प्रमुख निर्वाचन आयुक्त डा. यादवले २०७४ वैशाख ३१ गते हुने स्थानीय तहको निर्वाचनका लागि आयोगले गरिरहेको तयारीका बारेमा जानकारी गराउनुभयो । प्रमुख आयुक्त डा. यादवले निर्वाचनका लागि राजनीतिक वातावरण निर्माण गरी दलहरूबीच आपसी सद्भाव र विश्वास बढाउन प्रधानमन्त्रीसँग आग्रह गर्नुभयो ।

प्रमुख आयुक्त डा. यादवले आयोगले सामग्री व्यवस्थापनलगायत प्राविधिक तयारीलाई तीव्रताका साथ अघि बढाएको र अब छिट्टै कर्मचारी परिचालन गरिने बताउँदै निर्वाचनका लागि संसद्मा रहेका र संसद् बाहिरका राजनीतिक दलहरूको सहकार्य आवश्यक रहने बताउनुभयो ।

त्यस अवसरमा प्रधानमन्त्री प्रचण्डले राजनीतिक सद्भाव र विश्वासको वातावरण बनाउन सरकार लागिरहेको प्रमुख आयुक्त डा. यादवलाई जानकारी गराउनुभयो ।

सूर्यप्रसाद शर्मा
(सहसचिव एवं प्रवक्ता)

"स्वतन्त्र र निष्पक्ष निर्वाचन: राष्ट्रको गौरव"
"Free and Fair Election: Pride of Nation"

कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np